# कवाडी मालसामान बिक्री वितरण तथा उपयोग कर संकलन सम्बन्धी ठेक्का

**आय ठेक्का नं. :- ०१**

आ.व.२०७९/०८०

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**ठाकुरबाबा , बर्दिया**

(लुम्बिनी प्रदेश, नेपाल)

वेबसाईट : www.thakurbabamun.gov.np

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**सैनवार,बर्दिया**

**( लुम्बिनी प्रदेश, नेपाल )**

**विषय : आ.व.२०७९/०८० को लागि कबाडी मालसमान, जडीबुटी र जीवजन्तु बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने आव्हानको सूचना ।**

**दोस्रो पटक सूचना प्रकाशित मिति :-२०७९/०६/२४**

आ.व.२०७९/०८० को लागि मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग कलकारखाना, पसल, फर्मबाट निस्कने कबाडी मालसामानहरू, जडीबुटीहरू र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि **स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम** देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र फाराम मिति २०७९/०७/०७ गतेभित्र खरिद गरी मिति २०७९/०७/०८ गते दिनको १२ बजे भित्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| **सि.नं.** | **किसिम** | **कर तथा मर्मत शुल्क संकलन क्षेत्र** | **न्युनतम ठेक्का मुल्य रु. (भ्याट सहित )** | **बोलपत्र खरिद दस्तुर** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्रभित्रका उद्योग, पसल, फर्म तथा कलकारखानाहरु | ६,००,०००।- | ३,०००।- | |

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७९/०८० सम्मको फर्म नविकरण, आ.व.२०७८/०७९ वा २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको पत्र तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०७८/०७/०७ गते दिनको १७.०० बजे सम्ममा तोकिएको दस्तुर तिरी शिलबन्दी दरभाउपत्र खरिद गरी मिति २०७९/०७/०८ गते दिनको १२ बजे भित्रमा कार्यालयमा दर्ता गर्न सकिने छ ।

२. तोकिएको समयभित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २.०० बजे शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि र यस नगरपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउपत्र फाराम खरिदको लागि यस नगरपालिकाको नाममा एन आई सि एसिया बैंक भुरिगाउँ शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १६१२०५००२८२९६००२ मा तोकिए बमोजिमको दस्तुर जम्मा गरी सोको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने वा नगरपालिकाको राजस्व शाखामा नगदै बुझाएको सक्कलै नगदी रसिद पेश गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा एन आई सि एसिया बैंक भुरिगाउँ शाखामा रहेको धरौटी खाता नं. १६१२०५०५२३८८८०१३ मा जम्मा गरेको सक्कलै बैंक भौचरहरु वा नेपाल राष्ट्र बैंकबाट बैंक जमानत जारी गर्न मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी बैंक जमानतको सक्कलै प्रति पेश गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउपत्रदाताले बोलकबोल रकम अंक र अक्षरमा दुवैमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ ।

५. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन् ।

६. प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु शिलबन्दी दरभाउपत्रदाता स्वंयले तिर्नुपर्ने छ ।

७. करको दररेट नगरपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ । तोकिएको दरमा फरक नपर्ने गरि सम्बन्धित शिलबन्दी दरभाउपत्रदाताले कर संकलन गर्नुपर्ने छ ।

८. आ.व. २०७९/०८० को लागि कबाडी मालसामानहरुको बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन मिति २०७९/०८/०1 गते देखि वि.सं. २०८० साल असार मसान्त सम्मको लागि हुनेछ ।

९. शिलबन्दी दरभाउपत्र स्वीकृत भई सम्झौंता भए पश्चात कुनै किसिमको छुट, मिनाह वा माफी दिईने छैन् ।

१०. गत बिगतमा नगरपालिकाको ठेक्का प्राप्त गरि बुझाउनु पर्ने रकम बक्यौता रहेको कम्पनि व्यक्ति वा फर्मले यस ठेक्कामा सहभागी हुन पाउने छैन ।

११.नगरपालिकाले समय समयमा दिएको निर्देशन पुर्ण पालना गर्नुपर्ने छ । साथै ठेक्का सम्बन्धी कुनै बिबाद सिर्जना भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२. सम्झौंता गर्दाको समयमा सम्बन्धित फर्मले सम्झौता रकमको ४० प्रतिशत रकम अनिवार्य रुपमा नगरपालिकामा अग्रिम जम्मा गर्नुपर्ने छ र बाँकी रहेको ६० प्रतिशत रकम कम्तीमा दुई किस्तामा वि.सं. २०७९ को फागुन मसान्तभित्र पहिलो किस्ता र अर्को किस्ता वि. सं. २०८० को असार मसान्तभित्र बुझाइ सक्नुपर्ने छ । बाँकी ६० प्रतिशत रकमको हकमा राष्ट्र बैंकबाट बैंक जमानत जारी गर्ने मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी बैंक जमानत(वि.सं. २०८० भाद्र मसान्त सम्मको म्याद भएको) को सक्कल प्रति पेश गर्नुपर्ने छ । उक्त बैंक जमानत कार्यालयलाई तिर्नु बुझाउनु पर्ने शुल्क दस्तुर बझाई सकेको प्रमाण पत्र पेश गरेपछि फुकुवा हुनेछ । तोकिएको समयमा यस कार्यालयलाई तिर्नु बुझाउनु पर्ने शुल्क दस्तुर बुझाउन नसकेमा उक्त बैंक जमानत कानून बमोजिम यस कार्यालयले जफत गर्नेछ ।

१३. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस नगर कार्यपालिकाको कार्यालय (राजश्व शाखा) बाट प्राप्त गर्न सकिने छ ।

१४. शिलबन्दी दरभाउपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा शिलबन्दी दरभाउपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१५. ठेक्का सम्बन्धी रसिदहरु शिलबन्दी दरभाउपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ ।

१६. यस नगरपालिकाको हितलाई मध्यनजर गरी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. यस सुचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजिनक खरिद ऐन,२०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ ।

रामहरि रिजाल

(प्रमुख प्रशासकीय अधिकृत)

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार,बर्दिया

( लुम्बिनी प्रदेश, नेपाल )

**कबाडी मालसामानहरू, जडीबुटी तथा जीवजन्तु बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन सम्बन्धी ठेक्काको बोलकबोल फाराम ।**

| सि.नं. | विवरण | न्युनतम ठेक्का मुल्य रु. (भ्याट सहित ) | कबोल अंक रु. (भ्याट सहित) | कबोल अंक रु. (अक्षरमा ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा जीवजन्तु बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | | | | |
| | मू.अ.क. बाहेक कबोल अंक रु. | | | | |
| | १३ प्रतिशत मू.अ.क. रु. | | | | |
| | मू.अ.क. सहित जम्मा रु. | | | | |

फर्म, कम्पनीको छाप :

निवेदकको दस्तखत :

नाम थर :

पद :

फर्म, कम्पनीको नाम :

ठेगाना :

सम्पर्क नं. :

मिति :

# <u>थप शर्तहरू :</u>

कर/शुल्क संकलनको दररेट देहाय बमोजिम रहेको छः-

| सि.नं. | कवाडी सामानको विवरण | निर्धारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | कागज तथा कार्टुनजन्य पदार्थहरु प्रति के.जी. | प्रति के.जी. रु.१।०० | |
| २ | **जे जस्तो अवस्थामा छ पुन: सोही रुपमा प्रयोग गर्न सकिने** | | |
| २.१ | खाली शिशी ( बियरको ) हल्का पेय पदार्थ बाहेक प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | खाली शिशी (५०० एम.एल. भन्दा माथि ) प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | खाली शिशी (५०० एम.एल. भन्दा तल ) प्रतिगोटा | ०.१० पैंसा | |
| २.३ | प्लाष्टीक वोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल र ग्यालेन प्रतिगोटा | ०.५० पैंसा | |
| ३ | **खाली बोरा प्रतिगोटा** | | |
| २.१ | जुटको बोरा १०० के.जी. क्षमताको प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | जुटको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैंसा | |
| २.२ | प्लाष्टिकको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैंसा | |
| ४ | **खाली बोरा प्रतिगोटा** | | |
| ४.१ | १० लि. भन्दा बढी क्षमताको प्रतिगोटा | रु.१.०० | |
| ४.२ | १० लि. भन्दा कम क्षमताको प्रतिगोटा | ०.५० पैंसा | |
| ५ | **पुन :प्रशोधन गरी प्रयोग गर्न सकिने** | | |
| ५.१ | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुक्रा ) प्रति के.जी. | रु.१.०० | |
| ५.२ | गार्मेन्टका कपडाका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.३ | जलेको मोविल प्रति लिटर | ०.५० पैंसा | |
| ५.४ | जुट र प्लाष्टिकका बोरा फाटेका प्रति के.जी. | रु.१.०० | |
| ५.५ | प्लाष्टिकका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.६ | पुराना टायर र ट्युब प्रति के.जी. | रु.१.०० | |
| ५.७ | थोत्रो टिन प्रति के.जी. | ०.५० पैंसा | |
| ५.८ | पुरानो ड्रम प्रति के.जी. | ०.५० पैंसा | |
| ६ | **धातुका कबाडी सामानहरु प्रति के.जी.** | | |
| ६.१ | फलामजन्य सामान तथा टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ६.२ | अन्य धातु -पित्तल,तामा,जिङ्क आदिका सामान तथा टुक्राहरु प्रति के.जी. | रु.१.०० | |
| ६.३ | बिग्रेका मेशीनरी औजार तथा पाटपुर्जा प्रति के.जी. | रु.१.०० | |
| ७ | **अन्य** | | |
| ७.१ | पोलिथिन पाईपका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ७.२ | सिसा (लिडका टुक्रा र धुलो ) प्रति के.जी. | रु.१.०० | |
| ७.३ | काँचको टुक्रा र धुलो प्रति के.जी. | रु.१.०० | |
| ७.४ | मिनरल बाटरको बोतलहरु प्रति गोटा | ०.१० पैंसा | |
| ८ | जडीबुटी वा जिवजन्तु (प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख र छाला) करको हकमा प्रति ट्रीप | रु.५००।- देखि रू. ५,०००।- सम्म | सवारीको किसिम अनुसार |